# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

## सटर भाडामा लगाउने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/११)

यस दुहवी नगरपालिकाको वडा नं. ४ स्थित दुहवी नगरपालिकाको रंगशालामा रहेका सटरहरू भाडामा लगाउन नगर कार्यपालिकाको निर्णय बमोजिम तपसिलका सटर नं १ देखि सटर नं १६ सम्मका १६ वटा व्यापारिक सटरहरू भाडामा लगाउनु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म, संस्थाले तपसिलको शर्तको अधिनमा रहि मिति २०८०/०४/११ देखि मिति २०८०/०४/२५ गतेसम्म कार्यालय समयभित्र रु.३००/- अक्षेरुपी तीन सय रुपैयाँमा (फिर्ता नहुने गरी) फारम खरिद गर्न सकिनेछ। खरिद गरिएको फारम तोकिएको ढाँचामा भरि १६औं दिन २०८०/०४/२६ गते दिँउसो १२ बजेभित्र शिलबन्दी गरि यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ। सो दिन सार्वजनिक विदा पर्न गएमा विदा लगत्तै कार्यालय खुलेको दिन दर्ता गर्न सकिनेछ।

तपसिलः

| क.सं. | स्थान | न्यूनतम रकम | सटर संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | दुहवी वडा नं. ४ स्थित दुहवी रंगशाला | प्रति सटर मासिक रु.५,०००/- | सटर नं. १ देखि सटर नं. १६ सम्म (१६ वटा) | |

शर्तहरूः

१. भाडामा लिन चाहने इच्छुक व्यक्ति, फर्म, संस्थाले रु.३००/- (अक्षेरुपी तीन सय रुपैयाँ मात्र) दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्न सक्नेछ। आवेदन गर्दा आफूले कबोल गरेको कुल अंकको ५% रकम यस नगरपालिकाको धरौटी खाता नं. १०८२०५८४९९३७८००५, एन.आइ.सि. एसिया बैंक, दुहवी शाखामा जम्मा गरेको बैंक भौचर समेत संलग्न गर्नुपर्नेछ।

२. कानूनले बन्देज तथा निषेधित गरिएका सामानहरू विक्री वितरण गर्न पाईने छैन।

३. पानी महशुल तथा विद्युत महशुल भाडामा लिने व्यक्ति, फर्म, संस्था स्वयम्ले व्यहोर्नुपर्नेछ। बहाल कर भुक्तानी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४. प्रति सटर तोकिएको न्यूनतम मासिक भाडा भन्दा सबैभन्दा बढी कबोल गर्ने र रितपूर्वक भएको बोलपत्रलाई स्वीकृत गरिनेछ। दर्ता भएका बोलपत्रहरूबाट १६औं दिनको अपरान्ह २ बजे कार्यालयका प्रतिनिधि र बोलपत्रदाताको रोहवरमा शिलबन्दी खोलिनेछ। बोलपत्रदाताको अनुपस्थिति भएमा पनि यस कार्यालयलाई शिलबन्दी खोल्न बाधा पर्ने छैन। शिलबन्दी खोलिने मितिमा सार्वजनिक विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।



राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

५. बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको मासिक भाडाको दरले जम्मा ३ (तीन) महिनाको अग्रिम भाडा वापत हुने रकम धरौटी सहित सम्झौता गर्न आउनुपर्ने छ। धरौटी रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ । सो रकम सटर बहाल म्याद समाप्त भएपछि मात्र फिर्ता दिइनेछ।

६. तोकिएको म्यादभित्र धरौटी सहित सम्झौता नगरेमा त्यस पछि बढी कबोल गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्थासँग सम्झौता प्रक्रिया अगाडी बढाईनेछ।

७. स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ गतेभित्र नगरपालिकामा बुझाउनुपर्नेछ। तीन महिनासम्म भाडा नबुझाएमा धरौटी वापत राखिएको रकमबाट भाडा असुल उपर गरी सटर खाली गराइनेछ।

८. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन।

९. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

१०. सटरको हकमा सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाइने छैन। हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ती स्वयम् बहालवालाले व्यहोर्ने तथा मर्मत संभार गर्नुपर्नेछ।

११. सटर कोठाको वहाल रकम सम्झौता भएको मिति देखि १/१ वर्षमा भाडा रकममा ५ प्रतिशतले स्वतः बृद्धि हुनेछ।

१२. स्वीकृत भएको बोलपत्रदाताको सम्झौता अवधि सम्झौता भएको मितिदेखि ५ वर्ष सम्मका लागि हुनेछ र सम्झौताको समयावधि अघि नै उक्त सटर नगरपालिकालाई आवश्यक भई खाली गराउनुपरेमा ३ महिना अघि नै पूर्वजानकारी गराइनेछ र स्वीकृत बोलपत्रदाताले सम्झौता अवधि अघि सटर खाली गर्न चाहेमा नगरपालिकालाई ३ महिना अघि नै पूर्वजानकारी गराउनुपर्नेछ।

१३. सटर जसको नाउँमा सकार हुन्छ उसैले आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्नेछ। अर्थात पुनः भाडामा लगाउन पाइने छैन।एकै व्यक्तिले एक भन्दा बढी सटर भाडामा लिन पाउने छैन तर संस्था वा निकायको हकमा भने यो शर्त लागू हुने छैन।

१४. सूचना सम्बन्धमा अन्य कुराहरू बुझ्नु परेमा यस नगरपालिकाको राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

१५. पेश भएको बोलपत्रहरु स्वीकृत तथा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ तथा यस सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित ऐन कानून बमोजिम हुनेछ।

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत